

कोरियन-चाइनिज A चाहि कोरियन पुरुषसँग बिबाह गरि कोरियामा बस्दै आएकोमा बषौँसम्म श्रीमानले परिवारको रेखदेख र वास्ता नगरेको कारणले अबैधानिक बन्न पुगिन। कसैगरि पनि यो बैबाहिक सम्बन्धलाई निरन्तरता दिन नसकेर पारपाचुकेको निम्ति मुद्धा चलिरहेको समयमा उनि धारपकडमा परेर देश छोडेर जाने आदेश पाएकोले २००४ साल ५ महिनामा राष्ट्रीय मानव अधिकार समितिमा आबेदन हाल्न पुगिन। त्यसको लगत्तै पछि अदालतले श्रीमानको बेवास्ताको कारण पारपाचुके गर्न अनुमति दिने निर्णया सुनायो। यो कुरालाई लिएर मानव अधिकार समितिले २००४ सालमा कोरियन जीवनसाथिको गैरजेम्बेवारीको कारण अबैधानिक भइ नागरिकताको निम्ति आबेदन दिन नपाएकाहरुको निम्ति यसो गर्न नहुने भन्दै अध्यागमन प्रमुखलाई सचेत गराएको थियो।




इथियोपियाली श्री B चाहिँ २००८ साल २ महिनामा इथेवनको एक रेष्टुरेन्टमा छिर्न खोज्दा अफ्रीकी भनेर उनलाई प्रवेश निषेध गरिएपछि राष्ट्रीय मानव अधिकार समितिमा आबेदन दिएका थिए। उक्त रेष्टुरेन्टले देश वा जातिको आधारले नभइ भित्र रहेका ग्राहकहरुको सुरक्षा र सेवाको लागि उनलाई प्रवेष निषेध गरिएको भनेता पनि उनलाई अफ्रीकी भएको कारणले प्रवेष निषेध गरिएको हो भन्ने मानव अधिकार समितिले प्रमाणित गऱ्यो। यो चाहि जातिय र रंगको आधारमा गरिएको भेदभाव हो र कोरियाले अन्तरराष्ट्रीय मानव अधिकार सहमतिमा गरेको हस्ताक्षरको उल्लङ्घन भएको ठहर गर्दै सम्बन्धित रेष्टुरेन्टलाई सिस्टेम सुधार गर्न चेतावनी दिएको थियो।

# परामर्श, आबेदन दर्ता गर्ने तरिका

**फोन :** देशको जुनसुकै कुनाबाट कोड नम्बर बिना **१३३१**


**हुलाक/प्रत्यक्ष भ्रमण :**

| | |
|---|---|
| 서울 Seoul | ०४५५१ सउलशी चुंगुसामिलदेरो ३४० नाराखिऊमजदोंग बिलडिंग ११ तल्ला (※अङ्ग्रेजी लगाएत दोभषे सेवा उपलब्ध) |
| 부산 Busan | ६११-७०५) बुसान ग्वाङ्यक सी यन्जेगु जुङ्आङ्नो १९९२ कुक्मीनयन्गम बुसान ह्योग्वान् ७ तल्ला राष्ट्रीय मानव अधिकार समिति बुसान मानव अधिकार कार्यालय/ फोन ०५१-७१०-९७१० |
| 광주 Gwangj | ६१४७६ ग्वांजुशि दोंगु गुमनामरो १५४ - १ (जु) आमोरेफसिफिक ५ तल्ला फोन ०६२)७१०-९७१० |
| 대구 Daegu | ७००-७३२) थेगु ग्वाङ्यक सी जुङ्गु दोङ्इन २ गा ५०-३ होसु बिल्डिङ १६ तल्ला राष्ट्रीय मानव अधिकार समिति थेगु मानव अधिकार कार्यालय/ फोन ०५३) २१२-७००० |
| 대전 Daejeon | ३५२६२ देजनशि सगुमुनजंरो ४८ बनगिल ३० केटि थानबांगथाव १३ तल्ला फोन : ०४२) ४७२-९०३८ |

**होमपेज** : www.humanrights.go.kr
**फ्याक्स** : ०२)२१२५-९८११~२
**इ-मेल** : hoso@humanrights.go.kr

※बन्दिगृहमा रहेका ब्यक्तिहरुको हकमा, बन्दिगृह भित्र राखिएको राष्ट्रीय मानव अधिकार समिति आबेदन बाक्सको उपयोग गर्ने वा प्रत्यक्ष आबेदन हाल्न सकिन्छ। प्रत्यक्ष आबेदन हाल्नको निम्ति बन्दिगृहको कर्मचारिसँग माग राखेमा मानव अधिकार अनुसन्धानकर्ता आफै आई आबेदन लिनेछन्।

**आउने बाटो**






# फरक भएपनि उस्तै हो!



अनुहार फरक भए पनि जन्मजात अधिकार उस्तै छ।
मानिस सबै महत्वपूर्ण छन्।

राष्ट्रीय मानव अधिकार समिति

आफ्नो कम्पनी चलाइ रहेका श्री किम इन् होङ् ले आफ्नो कम्पनीमा जानकारी नदिइ तथा अनुमति बिना नै अबैधानिक प्रवासी मजदुरहरुलाई धरपकड गर्न आएका अध्यागमन टोलीले अचानक कम्पनीबाट प्रवासी मजदुरहरुलाई धरपकड गरेको देखि प्रवासी मजदुरहरुको पनि महत्वपूर्ण मानव अधिकार छ भनि राष्ट्रीय मानव अधिकार समितिमा आबेदन दिए।

२००५ साल १२ महिनामा राष्ट्रीय मानव अधिकार समितिले श्री किमको तर्क सहि हो भनि मानि अध्यागमन विभाग प्रमुखलाई भेटी यस्तो अबैधानिक धरपकडले प्रवासी मजदुरहरुको मानव अधिकार उल्लङ्घन भएको र उप्रान्त यस्तो गल्ति नदोहोऱ्याउन चेतावनी दिएको थियो।



रशियाबाट आएका प्रवासी मजदुर श्री रोजन एलेक्जेन्डर २००२ साल ९ महिनामा मनव अधिकारको निम्ति दिएको आबेदनको कारण जबर्जस्ती देश फिर्ता हुनबाट बच्न सकेका थिए।

आफ्नी श्रीमतिको हात समातेर तान्ने जड्याह कोरियनलाई त्यसो नगर्न भन्दा झगडा भएको थियो। कोरियनको पिटाइबाट ३ महिना थला परेका उनी अबैधानिक भएका कारणले जबर्जस्ती देश फर्कनुपर्ने आदेश पाउन पुगेका थिए। उनको पक्षमा चर्चको फादरले मानव अधिकार समितिमा आबेदन दिएकोले उनको तुरुन्त पहल गरि कोरियामा निरन्तर काम गर्न पाउने अनुमति दिलाइयो।



## राष्ट्रीय मानव अधिकार चाहि...

- **सबैभन्दा नजिक रहेको अधिकार दिलाउने सँस्था हो**

  राष्ट्रीय मानव अधिकार समिति चाहि मानव अधिकार हनन वा भेदभाब भोगेका मानिस, तथा त्यो वास्तबिकता थाहा पाउने जो सुकैले सजिलै उपयोग गर्न सक्ने, सबैभन्दा नजिक रहेको अधिकार दिलाउने सम्बन्धित र आधिकारिक सँस्था हो।

- **कुनै पनै शुल्क तिर्नु पर्दैन**

  राष्ट्रीय मानव अधिकार चाहि कुनै पनि परामर्श वा आबेदन आदि केहिको पनि शुल्क तिर्नु नपर्ने सबैभन्दा सस्तोमा आफ्नो अधिकार खोज्न सकिने स्थान हो

## कस्तो अधिकार जोगाइदिन्छ?

- **मानव अधिकार हनन भएको दिलाइदिने र रोकथाम गर्छ**

  सरकारी कार्यलय वा कुनै ब्यक्तिबाट तपाईको मानव अधिकार हनन भएको छ भने राष्ट्रीय मानव अधिकार समितिमा आबेदन दिनुहोस।

  - सरकारी कार्यालय, स्थानिय कार्यलय, आर्मी, प्रहरी, बिद्यालय, बन्दिगृहद्वारा मानव अधिकार हनन भएमा

- **भेदभाव भएको छ? राष्ट्रीय मानव अधिकार समितिमा आबेदन दिनुहोस्**

  सानो ठूलो नभनि बिनाकारण हुने जुनसुकै भेदभावको अनुसन्धान गर्नेछौँ।

  - लिङ्ग, उमेर, योग्यता, जन्मेको स्थान वा देश, जाति, छालाको रंग, पुरानो रोग, बैबाहिक अबस्था आदिको कारणले भेदभाव भएको खण्डमा

  ※बिषेशगरि मानव अधिकार समितिचाहिँ लैङ्गिक भेदभाब तथा यौन दुर्ब्यबहार सम्बन्धि समस्याको समाधान  गर्ने आधिकारिक सँस्था हो।

## राष्ट्रीय मानव अधिकार समिति प्रत्यक्ष भेट्न जान्छ

स्वतन्त्रता नभएका बन्दिगृहमा रहेका ब्यक्तिहरुले राष्ट्रीय मानव अधिकार समितिका अनुशन्धान कर्तालाई प्रत्यक्ष भेटेर आबेदन दिन पनि सक्नेछन।
बन्दिले यदि राष्ट्रीय मानव अधिकार समितिमा आबेदन दिन चाहेको खण्डमा बन्दिगृहले आबश्यक कुराहरु जुटाइदिनुपर्नेछ। साथै अनुसन्धानमा बाधा पुर्याएको खण्डमा उसलाई कार्यबाहि हुनसक्नेछ।

## अपर्झट उद्धार लागु गरिनेछ

राष्ट्रीय मानव अधिकार समितिले अनुशन्धानको क्रममा, यदि आबेदन नै नपरेको भए पनि यदि अबस्था मानव अधिकारको हनन हुन सक्छ भन्ने देखिएमा अपर्झट उद्धार प्रकृया अपनाउन सक्नेछ।

- उपचार, खाना, लगाउने कपडा जुटाउनेछ।
- बन्दिहरुको हकमा बन्दि स्थान परिवर्तन गर्न सकिनेछ।
- मानव अधिकार हनन गर्ने वा भेदभाव पूर्ण ब्यबहार गर्ने मानिसलाई उसको पदबाट हटाउन सक्नेछ।

## नियम तथा प्रणाली आदिको नितिलाई सुधार गर्न सुझाब दिन्छ

प्रवासी मजदुर आदि प्रवासी मानव श्रोत प्रणाली सुधार सम्बन्धि सुझाब, प्रवेषको समयमा गरिने जाँचबुझ तथा अध्यागमन नियमको सुधारको लागि सुझाब, शरणार्थी सम्बन्धि प्रणाली सुधारको सुझाब, बहुसाँस्कृतिक परिवार सहायता नियम तथा बैबाहिक नियम आदिको बारेमा राष्ट्रीय मानव अधिकार समिति कोरियामा बसोबस गर्ने प्रवासीहरुको मानव अधिकार संरक्षण वा बिकासको निम्ति नियम तथा प्रणालीको सुधारको निम्ति सुझाब दिने काम पनि गर्दै आएको छ।यसको निम्ति प्रवासी मजदुरहरु, बिबाहित प्रवासीहरु, प्रवासी बालबालिकाहरु, शरणार्थीहरु आदि प्रवासीहरुको मानव अधिकार सम्बन्धि अनुसन्धान गरि बिशेषज्ञहरुका साथ धेरै छलफल कार्यक्रमहरु पनि गर्दै आएका छौँ।

## बहुसाँस्कृतिक मानव अधिकार तालिम साथै देश भित्र तथा बाहिर मिलिजुली काम  गर्ने

देश भित्र रहेका प्रवासीहरुको मानव अधिकारको निम्ति सामाजिक बुझाई तथा साँस्कृतिक सुधार पनि आबश्यक हुन्छ। मानव अधिकार समितिले अध्यागमन कर्मचारी तथा बहुसाँस्कृतिक परिवार सहयोग सम्बन्धि जिम्बेवार कर्मचारी, प्रवासी मजदुरहरुलाई रोजगार दिने रोजगारदाताहरु आदिको निम्ति बिषेश तालिम सन्चालन गरिरहेको छ।

त्यसैगरि "छ किसिमका नजर" आदि मानव अधिकार समुहले बनाएको फिल्मको माध्यमबाट हाम्रो समाजको भेदभाबलाई सुधार गर्न जोड दिइरहेको छ।
प्रत्यक बर्ष मानव अधिकार समुहहरुको साथमा प्रवासी मानव अधिकार सुधारको कार्यक्रमहरु गर्दै, यू एन मानव अधिकार समुह आदिसँग साझेदारी, एशिया मानव अधिकार सम्बधि सन्देशहरुको साथमा मानव अधिकार सुधार कार्यक्रम आदि गर्दै आएको छ।



### आबेदन समाधान प्रकृया

